# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा कुमारी बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ साल असार १६ गतेदेखि कुमारी बैंक लिमिटेडले काष्ठमण्डप विकास बैंक लिमिटेड, काँक्रेबिहार विकास बैंक लिमिटेड, महाकाली विकास बैंक लिमिटेड र पश्चिमाञ्चल फाइनान्स लिमिटेडलाई प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



उक्त अवसरमा गभर्नर डा. नेपालले मन्तव्य प्रस्तुत गर्नुहुँदै प्राप्ति पश्चात् बनेको कुमारी बैंक लिमिटेडलाई एकीकृत कारोबारको लागि शुभकामना व्यक्त गर्नुभयो । गभर्नर डा. नेपालले विभिन्न अन्तर्राष्ट्रिय निकायहरुले समेत लामो समयदेखि नेपाली बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि गर्नु उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरिरहेको परिप्रेक्ष्यमा आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले लिएको पूँजी वृद्धिको नीतिले नेपाली बैंक तथा वित्तीय संस्थाहरुलाई मजबुत बनाउनुको साथै ठूला परियोजनाहरुमा लगानी गर्न सक्षम समेत बनाएको छ भन्नुभयो ।

नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ को बजेटमार्फत लिएको नीति अनुसार देशभरका ७४४ वटा स्थानीय तहहरुमा वाणिज्य बैंकहरुको शाखा हुनुपर्ने प्रावधानले बैंकहरुलाई चुनौती मात्र नभई निक्षेप संकलन र लगानी विस्तार गर्ने अवसर समेत प्रदान गरेको धारण व्यक्त गर्नुहुँदै गभर्नर डा. नेपालले बैंकहरुलाई यसतर्फ दृढताका साथ लागि पर्न सुझाव दिनुभयो ।

साथै, गभर्नर डा. नेपालले बैंकहरुले जनताको निक्षेपको सुरक्षा तथा व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी वहन गरेको हुनाले अन्य व्यापार-व्यवसाय जस्तै नाफामुखी मात्र भई सञ्चालन हुन नमिल्ने बताउनु हुँदै जनताको निक्षेपको संरक्षकको रुपमा सञ्चालित हुनुपर्ने सुझाव समेत दिनुभयो ।

**२०७४ असार १६, शुक्रबार**

**गभर्नरको कार्यालय**